गौ.गा.का.पा.बै.सं-०५/२०८२/०८३

आज मिति २०८२/०७/१२ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल वमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल वहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर वहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग वहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री वरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र वहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री वोम वहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री दुर्गा प्रसाद सुवेदी | नि.सचिव (प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गाप्रसाद सुवेदी - वरिष्ठ प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णयहरु

**निर्णय नं. १ : लेखा समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको लेखा समितिले आ.व. २०७३/०७४ देखि २०८१/०८२ सम्मको बेरुजुको गहण अध्ययन गरि महालेखा परीक्षकको कार्यालयले औंल्याइएका बेरुजुहरु मध्ये नियमित गर्नुपर्ने बेरुजुले सार्वजनिक सम्पतिको हानिनोक्सानि नभएको र खर्च गर्ने क्रममा प्रकृया तथा रित नपुगेको देखिएकोले त्यस्तो कार्य गर्दा अब उप्रान्त आवश्यक प्रकृया तथा कानूनी प्रावधान बमोजिम कार्यसम्पादन गर्न र यस्ता त्रुटी नदोहोर्याउनका साथै हाल सम्म देखिएका बेरुजुहरु फस्यौट गर्न बेलैमा पहल गर्न सुझाव सहित पेश गरेको प्रतिवेदन माथि बृहत छलफल गरि बेरुजु फस्यौट गर्ने प्रतिवद्धता सहित प्रतिवेदन सभाबाट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २ : सुशासन समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको सुशासन समितिले गौमुखी गाउँपालिकाको समग्र सेवा प्रवाह व्यवस्थित र चुस्त दुरुस्त वनाउन पेश गरेको प्रतिवेदन उपर व्यापक छलफल गरि दिएका सुझावहरु कार्यान्वियन गर्दा सेवा प्रवाहमा प्रभावकारिता आउने हुदा सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ : मापदण्ड निर्माण गर्ने ।**

गौमुखी गाउँपालिकाको कार्यालयवाट प्रदान गरिने विभिन्न खालको आर्थिक सहयोग आ.व. २०८३/०८४ देखि लागु हुने गरि आर्थिक सहयोग मापदण्ड निर्माण गर्ने र सो को आधारमा माग गरिएको आर्थिक सहयोग आवश्यकता र औचित्यतालाई केन्द्रविन्दुमा राखि प्रदान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

Scanned with CamScanner